**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बोदेबरसाईन नगरपालिका सप्तरी

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १ मितिः

**भाग-२**

बोदेबरसाईन नगरपालिका

**नगरसभाबाट पारीत मिति:२०७८/११/३०**

**राजपत्र प्रकाशित मितिः२०७८/१२/२**

**स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धि कार्यविधि २०७८**

आज्ञाले,

नामः घनश्याम यादव

प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धि कार्यविधि २०७८

बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६० को उप दफा ३ बमोजी म बमाधिकार को संरक्षण र सम्बर्धन क लागि कार्यविधि निर्माण गर्न वान्छनीय भएको ले स्थानीय सरकार संचालान एन् २०७४को दफा १०२ को अधिकार प्रयोग गरि बोदे बर्साइन नगरपालिका कार्यपालिकाले सञ्चालनमा ल्याउनका लागि यो कार्यविधि २०७८ तयार गरिएको छ।

**परिच्छेद : एक**
**संक्षिप्त नाम र प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **बोदेबरसाईन नगरपालिकाको** स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धि **कार्यविधि, २०७८** रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ सम्झनु पर्दछ।

(ख) “नगरपालिका ” भन्नाले बोदेबरसाईन नगरपालिकालाई सम्झनु पर्दछ।

(ग) “सभा”भन्नाले बोदेबरसाईन नगरपालिकाको नगर सभालाइ सम्झनु पर्दछ।

(घ) “कार्यपालिका” भन्नाले बोदेबरसाईन नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ड.) “समिति” भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६० को उप दफा २ तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बालअधिकार समिति सम्झनु पर्छ।

(च) “प्रमुख” भन्नाले बोदेबरसाईन नगरपालिकाको प्रमुख पदमा निर्वाचित बहालवाला नगरपालिका प्रमुख वा नगरपालिका प्रमुखको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ।

(छ) “उप-प्रमुख” भन्नाले बोदेबरसाईन नगरपालिकाको उप-प्रमुख पदमा निर्वाचित बहालवाला नगरपालिका उप-प्रमुख वा नगरपालिका उप-प्रमुखको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ।

(ज) “कर्मचारी” भन्नाले बोदेबरसाईन नगरपालिकामा कार्यरत स्थायी अस्थायी वा करार सेवाका कर्मचारी सम्झनु पर्दछ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बोदेबरसाईन नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएका अधिकारीलाई सम्झनु पर्दछ।

(ञ) “मन्त्रालय” भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ।

(ट) “सदस्य सचिव” भन्नाले महिला तथा बालबालिका शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(ठ) “गैर सरकारी संस्था” भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिवत रुपले दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ।

(ड) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

**(ढ)** स्थानीय बालअधिकार समिति भन्नले नगर बालअधिकार समिति र वडा बाल अधिकार समिति सम्झनु पर्छ|

परिच्छेद : दुई

## नगरबाल अधिकार समितिको गठन

### ३. नगरबाल अधिकार समितिको गठन

१.बालबालिकाको अधीकार तथा हकहितको संरक्षण र सम्बर्धन गर्ने नगरपालिकामा देहाय बमोजिम  नगर बाल अधिकार समिति रहनेछ |

(क).प्रमुख/ उपप्रमुखले तोकेको महिला वडा सदस्य सहित दुइ जना वडा सदस्य ---------सदस्य

(ख) शिक्षा शाखा प्रमुख------------सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख-------सदस्य

(घ) प्रमुख/ उपप्रमुखले तोकेको चिकित्सक------सदस्य

(ड.)नगरभित्रको प्रहरी कार्यालयको प्रमुख------सदस्य

(च) प्रमुख/ उपप्रमुखले तोकेको माध्यमिक विधयालयको प्रधानाध्यापक वा  शिक्षक------ सदस्य

(छ) बाल अधिकारको क्षेत्रमा कार्यअनुभव भएका व्यक्ति मध्येवाट प्रमुख /उपप्रमुखले मनोनय गरेका दुइजना------सदस्य

(ज) महिला संस्था प्रतिनिधि /नगर महिला संजाल प्रतिनिधि ------सदस्य

(झ) बालअधिकारको क्षेत्रमा क्रियाशील गैसस प्रतिनिधि ----सदस्य

(ञ) बाल मनोविज्ञ-----सदस्य

(ट) अधिवक्ता (बालन्यायको क्षेत्रमा कम गर्ने)---सदस्य

(ठ) नगर स्तरीय बालसंजालको अध्यक्ष सहित दुइजना बालिका ----सदस्य

(ड) महिला बालबालिका शाखा प्रमुख ----सदस्य

ढ) स्थानीय स्वास्थ्यकर्मी ------सदस्य

ण) बालकल्याण अधिकारी/ महिला बालबालिका शाखा प्रमुख -----सदस्य सचिब

२. मनोनित सदस्यको पदावधि चार बर्षको हुने छ र खण्ड(झ) बमोजिम सदस्यमा मनोनय हुनको लागि भ्रस्टाचार,जबर्जस्ती करनी,मानबिय बेचबिकन तथा ओसारपोसार, लागु औषधि बिक्रि,बितरण तथा ओसारपोसार,सम्पति सुद्धिकरण,राहधानी दुरुपयोग,अपहरण सम्बन्धि

कसुर,संगठित अपराध,बालबालिका बिरुधको कसुर,बालअधिकार हनन वा नैतिक पतन देखिने वा अन्य फौज्दारी कसुरमा सजाय नपाएको व्यक्ति हुनुपर्ने छ |

**४. नगरबाल अधिकार समितिको काम कर्तव्य र अधिकार : (**१) दफा ३ बमोजिम गठन हुने नगरबाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ |

(क) समिति को दीर्घकालीन नीति योजना र बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने |

(ख) बालबालिकाको अधिकारको सम्मन,संरक्षण,प्रबर्धन र परिपूर्तिको लागि आबश्यक स्थानीय नीति कानुन योजना कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिका लाई सुझब दिने

(ग) नगरपालिकामा संचालित बालबालिका सम्बन्धि कार्यक्रमको अनुगमन मुल्यांकन तथा समीक्षा गरि सुझब दिने |

(घ) बालअधिकार सम्बन्धि कार्यक्रम कार्यन्वयनक लागी नेपाल सरकार ,प्रदेश सरकार अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरु संग समन्यवय तथा सहकार्य गर्ने |

(ड.) नगरपालिका भित्र हुन् सक्ने बालविवाह ,बालश्रम तथा शारीरिक तथा मानशिक पिडा तथा बालयौन दुरव्यवहार जस्ता सबै प्रकारका बाल हिंशाको रोकथाम,निषेध नियन्त्र तथा सडक बालबालिकाको उद्दार,पुनस्थापना,संरक्षण र व्यवस्थापन र बालबालिकाको खोजतलाश न.१०४ तथा बाल हेल्प लाइन न.१९८ मा सम्पर्क गर्ने |

(च) बालअधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिबृद्धि गर्ने गराउने |

(छ) बालबलिका सम्बन्धित प्रतिवेदन तयार गरि मन्त्रालय,प्रदेश मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र सम्बन्धित निकायमा पठाउने |

(ज) बालबलिका सम्बन्धि स्थानीय तथयांक विवरण संकलन अभिलेखिकरण तथा सूचना प्रणालीको बिकाश संचालन व्यवस्थापन सुदुधिकरणमा सहयोग गर्ने |

(झ) बालसंरक्षण तथा बल अधिकार प्रवर्धनका लागि संचालन हुने राष्टिय/प्रादेशिक र नगरपालिका को अभियानमा सहयोग गर्ने |

(ञ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पति तथा व्यक्तिलाई नगरपालिकामा सुचिकृत गरि आन्तरिक धर्मपुत्र धर्पुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने |

(ट) बिशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्पुत्री  लिने दिने संरक्षण र माथवर नियुक्तिगर्ने नगरपालिका र अदालतलाई सहयोग गर्ने |

(ठ) प्रचलित कानुन तथा मपदण्डत बमोजिम संचालन हुन नसकेका बालगृह बल सुधार गृह अस्थाय संरक्षण सेवा केन्द्र पुनस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारकालागि निर्देशन दिने | निर्देशन पालना नगरेकोमा बन्द तथा कार्यवाही गर्न सुझब सहित सम्बन्धित निकायमा सिफारिस गर्ने |

(ड) नगरपालिकाभित्र संचालित बाल गुह, सुधार गृह, अस्थाय संरक्षण सेवा केन्द्र,पुनस्थापना केन्द्र,लगायतका आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारीताका सम्बन्धमा देहायको बुदाहरुमा अनुगमन टोलि /समिति गठन गरि अनुगमन गर्ने/गराउने |

(१) बालबालिकाको वैयक्तिक विवरण  अध्यावधिक गरिराखेको छ वा छैन |

(२) बाल बालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ कि छैन |

(३) बल क्लब गठन गरि बालबालिकालाई खेलकुद मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायत बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गरिएको छ कि छैन|

(४) बालबालिकालाई ऐन प्रचलित कानुन तथा मापदण्ड बमोजिम सुबिधा प्रदान गरिएको छ कि छैन |

(५) नसकेका बाल गृह, बल सुधार गृह, अस्थाय संरक्षण सेवा केन्द्र, पुनस्थापना केब्द्र तथा सामाजिकीकरण केन्द्रहरुमा कुनै अवान्छित कार्य भए गरेको छ वा छैन |

(६) उपखण्ड(५) मा उल्लीखित गुह र केन्दममा  बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ कि छैन |

(७) बाल गुहमा आश्रित बालबालिकाको बैकल्पिक हेरचारको व्यव्स्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारीवाट  व्यवस्था मिलाई राखिएको छ वा छैन |

(८) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन प्रचालित कानुन वा मापदण्ड बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन |

(९) उपलब्ध श्रोतसाधनलाई मध्यनजर गरि बालबालिकाको सर्बोतमहितलाई ध्यान दिएको छ वा छैन |

(१०) बाल संरक्षण मापदण्ड निर्माण गरि लागु गरिएको छ वा छैन |

(ण) तोकिए बमोजिमका अन्यकार्य गर्ने |

(२) नगर बालअधिकार समितिले उपदफा(१) बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये केहि अधिकार आश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सकिनेछ |

**५. वडा बाल अधिकार समितिको गठन:** नगरपालिकामा प्रत्येक वडा भित्र देहाय बमोजिमको वडा बाल अधिकार समिति रहने छ |

(१) वडा अध्यक्ष-------------------अध्यक्ष

(२) वडा महिला सदस्य-------सदस्य

(३) वडा भित्रको स्वास्थ्य संस्था प्रमुख-----सदस्य

(४) वडा भित्रका सामुदायिक विद्यालय वा संस्थागत विधालयहरु मध्यवाट वडा अधक्ष्यले तोकिएको एकजना प्र.अ.-----सदस्य

(५) बालबालिकाको क्षेत्रमा क्रियाशील वडाभित्रका गैससवाट अध्यक्षले तोकिएको प्रतिनिधि-----सदस्य

(६) महिला संस्था /महिला संजाल प्रतिनिधि -------सदस्य

(७) वडा बाल संजाल प्रतिनिधि ------सदस्य

(८) बल अधिकारको क्षेत्रमा कार्य अनुभव भएको वडा अध्यक्षले तोकिएको व्यक्ति---सदस्य

(९) वडा सचिब -------सदस्य सचिब

## ६. वडा बालअधिकार समितिको काम कर्तव्य र अधिकार:

(१) बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यावन्य गर्ने गराउने |

(२) वडा भित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यांक संकलन गर्ने र नगर बल अधिकार समिति समक्ष पठाउने |

(३) वडा भित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघसंस्था,बाल क्लब लगाईतका सरोकारवाला बीच आबस्यक समन्वय र सहकार्य गरि बालअधिकार सम्बन्धि संरक्षनात्मक र प्रबर्द्धन कार्यहरु गर्ने गराउने |

(४) बालअधिकारको क्षेत्रमा स्थनीय संघ संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने |

(५) जोखिममा परेका बालबालिकाको तत्काल उदारका लागि स्थानीय बल अधिकार समिति र सम्बन्धि निकायसंग समन्वय गर्ने |

(६) वडाभित्र बाल अधिकार हनन भएका घटना समबन्धमा सम्बन्धित निकायसंग समन्वयकरी भूमिका निर्वाह गर्ने |

(७) आवश्यकता अनुसार बालबालिकाहरुको निमित आकस्मिक सहयोगको व्यवस्था मिलाउने |

(८) बल अधिकारको सम्मन्न संरक्षण र प्रबर्द्धनका लागि वकालत गर्ने र वडा समितिलाई बालअधिकार क्षेत्रमा आवश्यक सुझाब दिने |

(९) वडाभित्र बालअधिकारका सम्बन्धमा |

(१०) तोकिएको बमोजिमका अन्य कार्यहरु गर्ने गराउने |

**७. नगर बालअधिकार समितिको बैठक सम्बन्धि कार्यविधि :** नगर बालअधिकार समिति तथा बालअधिकार समितिको बैठक सम्बन्धि कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ |

(१) समितिको बैठक कम्तिमा बर्षको चारपटक अध्यक्षले तोकिएको मिति, समय र स्थानमा बस्नेछ|

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिबले बोलाउनेछ|

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सोहि बैठकमा छलफल हुने बिषयहरुको सुचि सहित तिन दिन अगाडी समितिका सदस्यहरुलाई उपलब्ध गराउनेपर्नेछ |

(४) समितिका तत्काल कायम रहेकासदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएका समितिका बैठक को लागि गणपुरक संख्या पुगेको मानिनेछ |

(५) समितिको बैठकमा अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफु मध्येवाट छानेको सदस्यहरुले बैठको अध्यक्षता गर्नेछ |

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ | मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले  निर्णायक मतदिन सक्छ|

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिव दुवारा प्रमाणित गरिन्छ |

(८) समितिको वैठक तथा संचालन खर्च नगरपालिकाको नियमनुसर हुनेछ |

(९) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ |

(१०) समितिको बैठकमा आवश्यकता अनुसार बिषयमसंग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिन्छ|

**८. उपसमिति वा कार्य टोलि गठन सक्रिय:** (१) स्थनीय समितिले आफुले गर्नु पर्ने कुनै काम सुचारु रुपले संचालन गरेको निम्ति बाल विशेषज्ञ  वा विज्ञ, बाल मनोविज्ञ ,विशेष,समाज सेवी,सामाजिक कार्यकर्ता,शिक्षक,चिकित्सक,बाल क्लबका प्रतिनिधि,सामाजिक परिचालन तथा बाल अधिकारकर्मीहरु मध्ये वाट आवश्यकतनुसर समाबेश हुने गरि निश्चित अवधिका लागि बढीमा तिन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरि परिचालन गर्न सकिन्छ|

(२) उपदफा(१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम,कर्तव्य र अधिकार कार्य प्रकृति अनुसार काममा खटिएका वा काम गरे वापत टोलि वा सदस्यले पाउने भता वा पारीश्रमिक वा सुबिधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ |

**९. विविध:** स्थानीय बालअधिकार समितिलाई अंग्रेजीमा Local Child Right Board भनिनेछ |